# वैतेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

*पाडुडाँडा,दोलखा*
*३ नं. प्रदेश, नेपाल।*

## आन्तरिक आय तर्फको शिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७६।०५।०६**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (घ) १ ,२ र ३ समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), ३ नं. प्रदेश सरकारको आर्थिक ऐन,२०७५ को दफा ८ को (१) र सो सम्बन्धमा सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था तथा वैतेश्वर गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी आर्थिक वर्ष २०७६।०७७ का लागि ठेक्काद्वारा गराउन यो सूचना पून: प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्महरुले शिलवन्दी बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

**ठेक्का विवरण**

| ठे.नं. | ठेक्काको विवरण | आ.व. ०७६।०७७ को लागि निर्धारित ढुंगा,गिटि,बालुवा, स्लेट,ग्राभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण (घ.मि.) (१) | ढुंगा,गिटि,बालुवा,स्लेट, ग्रभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) शुल्क प्रति घ.मि.रु. (क ) | | ढुंगा,गिटि,बालुवा,स्लेट, ग्राभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन शूल्क र निकासी शुल्क ले हुने न्युनतम अंक रु. ( १*क) | शिलबन्दि दरभाउपत्र दस्तुर रु. | धरौटी रु. |
|---|---|---|---|---|---|---|---|
| | | | संकलन शुल्क | निकासी शुल्क | | | |
| BRM/SQ/03/076/077 | मार्वु क्षेत्र (हाल वैतेश्वर ७ मा पर्ने महभिर बगर,माभ्कीबुस्ती बगर देखि उत्तर नागदह काँडे बगर क्षेत्र सम्म) | ८५५० | १०६।– | २१२।– | २७१८९००।– | ३०००।– | कुल कबोल अंकको **पाँच** प्रतिशत |
| BRM/SQ/04/076/077 | क्षेत्रपा क्षेत्र (हाल वैतेश्वर ८ मा पर्ने भ्फोलुङ्गो बगर,सिम्ले बगर र मलेपु बगर क्षेत्र) | ९९०० | १०६।– | २१२।– | ३१४८२००।– | | |

**ठेक्का सम्बन्धी शर्तहरु :–**

१) माथि उल्लेखित ठेक्काहरुको बोलपत्र भर्दा आन्तरिक बिक्रि एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्रबाहेक) को शुल्क उल्लेख गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ । बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने दरभाउपत्र स्वीकृत गरीनेछ ।

२) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७७ असार मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अङक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ ।साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परिक्षण (IEE)प्रतिवेन ले निषेध गरेको अवधिमा नदि क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन । तर विभिन्न स्थानमा थुपारी रहेको मौज्दात सामाग्री बिक्रि तथा निकासी गर्न सकिनेछ ।

३) माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मू.अ. कर (१३) प्रतिशत राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाइ सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) धरौटी बापत कबोल गरेको अंकको पाँच प्रतिशत रकम यस कार्यालयको प्राईम कमर्सियल बैंक मैनापोखरी शाखामा रहेको धरौटी खाता नं..०५७०००७४ CA मा दाखिला गरी सो को सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंक को जमानत (विड बण्ड) को सक्कलपत्र बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वा जमानत रकमलाई किस्तामा समावेश गर्न पाइने छैन । नियमानुसार कागजात पेश गरेपछि (विड बण्ड) प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५) प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा पाँच प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयबाट नगदि रसिद काटी लिन वा यस कार्यालयको प्राईम कमर्सियल बैंक मैनापोखरी शाखामा रहेको धरौटी खाता नं..०५७०००७४ CA मा जम्मा गरी सो को सक्कल भौचर सहित दाखिला गर्नुपर्नेछ ।

६) कारण जनाइ वा नजनाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुन कारबाहि हुने छैन।

८) ठेक्कामा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) उपरोक्त ठेक्काहरुको लागि सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी ८ औ दिनको १२ बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोहि दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०) बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजानिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोहि समयमा खरिद,दर्ता वा खोल्ने कार्य गरिनेछ ।

११) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्रसाथ संलग्न गरिएको अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन ।

१२) यस सूचना तथा बोलपत्रसाथ संलग्न शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३) बोलपत्र पेश गर्दा पेश गर्ने फर्मको व्यावसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नं./मु.अ.करको प्रतिलिपि र करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१४) यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर निजको अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

१५) अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.baiteshwormun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत